
# परमहंस योग विद्या

## विजया दशमी तथा दीपावली अंक
## २०७१ आश्विन




परमहंस योग सेवा
नक्चोक, सुन्दरीघाट, ललितपुर

# श्री नवदुर्गा भवानीको साकार साधना

-स्वामी बालकृष्णानन्द "मुक्तबुद्ध"

अनन्त ब्रह्माण्डको रचना परब्रह्म परमेश्वरको इच्छाबाट भएको छ । उहाँ परमेश्वर नै शक्ति र शक्तिमान दुवैको रुपमा रहेको पाईन्छ । अनन्तकोटी ब्रह्माण्डात्मक प्रपञ्चको अधिष्ठानभूता सच्चिदानन्द रुपा परमेश्वरी श्री दुर्गाले नै सम्पूर्ण विश्वको सत्ता स्फूर्त शक्ति प्रदान गर्नु हुन्छ । उहाँकै आधारबाट नै सबै विश्व प्रकट भएको छ पनि उनै सच्चिदानन्द महाचितिमानै विश्व भाषित भएको हो । जसरी दर्पण बिना प्रतिविम्ब प्रतिभाषित हुन सक्दैन त्यस्तै अखण्ड नित्य, निर्लेप रूपा माहाचिति बिना यो जगतको अस्तित्व रहन सक्दैन । उनैको अस्तित्वमा प्रमाता, प्रमाण, प्रमेयादि विश्व प्रकट भएको हो । बिना अभिष्ठान भाव्य प्रकटको कल्पना हुन सक्दैन । तर परब्रम्ह परमेश्वर स्त्री, पुरुष, नपुंसक कुनै होइन तर पनि त्यसलाई चिति, दुर्गा भगवती देवी, भवानी, अम्बे अनेक नामले आत्मा, पुरुष, क्षत्रज्ञ आदि शब्दले र ब्रह्म, ज्ञान आदि नपुंसक शब्दले व्यवहृत भएको छ ।

खास तवरले स्त्री, पुरुष, नपुंसक रुपबाट अलग रहेको माहाचिति विभिन्न शरीरको सम्बन्धले निर्लेप निर्विकार भईकन पनि अनेक रुप र नामले व्यवहृत भएकी छिन् । उहाँलाई कसैले निर्गुण कसैले सगुण मान्दछन् ।

तर उहाँ कर्तुम्, अकर्तुम् र अन्यथा कर्तुम् शक्य हुनाले निराकार, निर्गुण, सगुण, साकार सबै संकल्पको आधारबाट हुन सक्ने भएको हुँदा उहाँको महिमा अपार छ । उहाँ सर्वतन्त्र स्वतन्त्र हुनु हुन्छ ।

उहाँकै शक्तिले ब्रह्मा, विष्णु, महेश्वर बनेर सृष्टि स्थिति र संहार कार्य भएको छ । उहाँकै शक्ति समस्त देवी देवता रुपमा प्रकट भएर कार्य गर्दछन् । उहाँ दया, क्षमा, निन्द्रा, स्मृति, क्षुधा, तृष्णा, तृप्ति, पुष्टि, शान्ति, क्रान्ति एवं लज्जा उहाँकै शक्ति हो । उहाँ नै श्री लक्ष्मी, श्री राधा, श्री सरस्वती, सति, काली, र मेनकाकी पुत्री पार्वती, सावित्री, गायत्री, बुढिनन्दा, परानन्दा, महानन्दा, सुनन्दा दुर्गा आदि सबै हुन् ।

आदिकालमा ईश्वर मष्टको १६ बहिनीको रुपमा सबैभन्दा जेठी दुर्गा रुपमा प्रकट भएको पाईन्छ । त्यस पछि लखमादेवी, पुण्यगिरी, मालिका, सुर्मादिवी जालवा, कालीका, खनारीदेवी, त्रिपुर सुन्दरी, नन्दा, उग्रतारा, कनक सुन्दरी, भुवनेश्वरी, निशालदेवी, बागेश्वरी र शैलेश्वरी प्रकट भएको भन्ने पाईन्छ । पछि महालिङ्ग संग मष्ट ईश्वरले गढवालको चमेली जिल्लाको त्रिपुणी नारायण नामको स्थानमा दुर्गा सहित १६ बहिनीहरुको विवाह गरेको कुण्ड आज सम्म पनि छ। उहाँको सबै बहिनीलाई दुर्गा भन्ने चलन छ । दुर्गाको मुख्य स्थान बझाङको थलीमा छ । उहाँको मन्दिरमा भदौ २० गते पूजा हुन्छ ।

उहाँ दुर्गा परा, अपरा, दुबै प्रकृति, द्वैत अद्वैतमा समावेश भएकी महालक्ष्मी र महाविष्णु, महासरस्वती महाब्रम्हा, श्री राधा कृष्ण, उमा श्रीशंकर, ऋद्धि सिद्धि सहित श्रीगणेश, उषा सहित श्री सूर्य र आत्मावादिको आत्मा र ब्रह्मावादिको शुद्ध ब्रह्म नै महादेवी दुर्गा हुन् । उहाँ अष्टमात्रिका, दशमहाविद्या, नवदुर्गा हुन् । उहाँ सर्वरुप, शर्वशक्ति, शुद्धविद्या, ब्रह्मविद्या अन्नपुर्णा, ललिताम्वा, महाषोडा महादेवी हुन्, उहाँ नै शक्ति र शक्तिमान
हुन् ।

माता दुर्गा शिवस्वरुपा, त्रिलोक जननी, नारायणी, विष्णु माया सर्व चैतन्यरुपिणी ब्रह्मस्वरुपिणी, आत्मा, अन्तःरात्मा, परमात्मा, निरञ्जन निराकार नामले प्रसिद्ध छिन् । दुर्गा प्रादुर्भाव बारे अन्य लेखमा उल्लेख भईसकेको हुँदा यहाँ छोटकरीमा के उल्लेख गर्छु भने प्राचीन कालमा दुर्गम नामको महावली (असूर) उत्पन्न भएको थियो । उक्त दुर्गमासूरले चारै वेद, देवता र देवलोकलाई साह्रै दुःख दिन थाले पछि भगवती माताले आफ्नो दिव्य देहबाट दश महाविद्या (काली, तारा, त्रिपुरासुन्दरी, छिन्नमष्टा, वंगलामूखी, भैरवी, धुमावती, मातङ्गी, कमला र भूवनेश्वरी) र असंख्य मात्र्का गणहरु प्रकट गर्नु भयो । यी शक्तिहरुले दुर्गमासूरको सौ अक्षैहिणी सेनालाई काटी दिए । त्यसपछि देवी भगवतीले दुर्गमासुरको वध गरेर विश्व र वेदको रक्षा गर्नु भयो । यसरी दुर्गमासूरको वध गरेको हुनाले भगवतीको नाम दुर्गा भवानी हुन गएको भन्ने शास्त्र प्रमाण देखिन्छ । उहाँ दुर्गालाई नै पछि शिवले नवदुर्गाको रुपमा दर्शन गर्ने इच्छा प्रकट गरेपछि शैलपुत्री, ब्रम्हचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्धमाता, कात्यायणी, कालरात्री, महागौरी र सिद्धिदात्री गरी नौ वटा देवी अर्थात् नवदुर्गाको रुपमा प्रकट हुनु भएको हो ।

यसरी प्रकट हुनु भएका श्री नवदुर्गा भवानीको नौ दिनसम्म नौ वटै देवीको अलग अलग ध्यान, स्तोत्र, कवच मन्त्र, शान्ति पाठ आदि स्पष्ट रुपमा लेखि दिएको छु । नवरात्रको पहिलो दिन (घटस्थापनाको दिन) श्री शैलपुत्रीको सके षोडशोपचार नसके पंचमोपचारबाट विशेष पूजा गर्ने र अन्य आठ देवी र बीचको नव दुर्गालाई सामान्य पूजा गर्ने । त्यसपछि शैलपुत्रीको ध्यान, स्तोत्र, कवच पाठ गरी मन्त्र जप गर्ने । मुख्यको घटीमा १० माला र अन्यको सके एक माला नसके २१ वा ११ पटक जप गर्ने गर्नु पर्छ । जप सकेपछि शान्ति पाठ गरी आफूले गरेको सम्पूर्ण कर्म दुर्गार्पणमस्तु गर्नु पर्छ ।

यसरी प्रत्येक दिन प्रत्येक देवीको गर्दै नवौं दिनमा उपरोक्त अनुसारै नवौं देवी श्री सिद्धिदात्रीको पूजा पाठ आदि गरी सकेपछि अन्तमा श्री नवदुर्गाको ध्यान पाठ गरी "***दुर्गा***" मन्त्र जप गर्नु पर्छ र सहस्रारमा उहाँकै ध्यान गर्नु पर्छ ।

# सम्पादकीय

आल्हादिनी देवी दुर्गा भवानी
***या देवी सर्व भूतेषू शक्ति रुपेण संस्थिता***
***नमोतस्यै नमोतस्यै नमोतस्यै नमो नमः ॥***

जगत उद्धारिनी हृदय आल्हादिनी शक्ति स्वरुपिणी माता दुर्गा भवानीको प्रार्थना साधना गर्ने पर्व हो दशैं । यो पर्वमा हामी शक्तिकी देवीलाई शक्ति प्राप्तिको लागि आराधना गर्छौं । शक्ति कसलाई आवश्यक छैन । किरा फटयांग्रा, पशुपंक्षीदेखि मनुष्यसम्म सबैलाई शक्तिको चाहना हुन्छ, देव देवतालाई समेत शक्तिको आवश्यकता पर्छ । किनभने शक्ति बिना शक्तिमान निरर्थक हुन्छ। शिव शक्ति बिना शव बन्न पुग्छ । जस्तो शिवजी आफैले भन्नु भएको छ- ***महेशानि सदाहं स्यां शवोऽथवा । शक्ति युक्तो यदा देवी शिवो सर्वकामदः ॥*** अर्थात् महेशानि ! शक्ति बिना म शव हुँ तर जब शक्तियुक्त हुन्छु तब मात्र म शिव हुन्छु र सबै काम गर्छु । हुन त शक्ति र शक्तिमान अभेद छ एक बिना अर्काको अस्तित्व रहँदैन जस्तो जड र चेतन, शरीर र आत्मा, क्षत्र र क्षत्रज्ञ । यदि चेतन तत्व अर्थात् आत्म तत्व छैन भने शरीरको के काम ? त्यस्तै शरीर अर्थात् क्षत्र छैन भने क्षत्रज्ञ (आत्मा) को के महत्व ? तसर्थ शक्ति वाहक र शक्ति नङ्ग र मासुझैं अभेद रुपमा एक अर्काका पूरकको रुपमा रहेका हुन्छन् । शक्ति कहाँ छैन ? एउटा सानो वीजको टुसा जमीनबाट निस्कदा कति ठूलो शक्ति हुन्छ त्यसमा विचार गरौं त । कडा जमीन, चट्टान पनि फुटालेर बाहिर निस्कन्छ, एउटा सानो कमिलाले पनि चट्टानमा दुलो बनाएर बस्न सक्छ। उच्चतम प्राणी मनुष्यमा त अथाहा शक्ति हुने नै भयो । तर अन्य प्राणी र मनुष्यरुपी प्राणीमा के अन्तर छ भने मनुष्यको शक्ति दुरुप्रयोग पनि हुन्छ, षडयन्त्रपूर्वक घातक प्रयोग पनि हुन्छ । अन्य प्राणीमा त्यस्तो हुँदैन ।

आ-आफ्नो गुण कर्म जाति अनुसार प्राणीदेखि लिएर जड चेतन सबैमा शक्ति हुन्छ । जस्तो माटोमा उर्वरा शक्ति हुन्छ भने पानी, हावा, अग्नि आदि सबैमा आफ्नै प्रकारको शक्ति हुन्छन् । यो तत् तत् तत्वमा तत् तत् कसरी कहाँबाट आयो त ? जवाफमा आउँछ यी यावत् शक्ति प्रकृति प्रदत्त देन हो । यही प्रकृतिरुपी शक्ति नवदुर्गा भवानी माता हुन् । त्यसैले हामी प्रार्थना गर्छौं- नमः प्रकृत्यै भद्रायै नियताः प्रणताः स्मताम् । जलको शक्तिलाई गंगा माताको रुपमा पुजिन्छ भने माटोको उर्वरा शक्तिलाई धर्तीमाताको रुपमा पुजिन्छ । विजय शक्तिलाई काली (दुर्गा) माताको रुपमा पुजिन्छ भने विद्या शक्तिलाई सरस्वतीको रुपमा, श्रृष्टि शक्तिलाई आध्याकालीको रुपमा मानिन्छ भने प्रलयकारीलाई महाकालीको रुप । यसरी शक्ति एउटै हो तर प्रकार र रुपमा भने गुण कार्य अनुरुप भिन्न भिन्न हुन्छन् ।

पशुपंक्षी या अन्य भौतिक वस्तुहरुको शक्ति स्थावर हुन्छ तर मानवको शक्ति उपाय कौशलबाट परिवर्तन गर्न सकिन्छ । मानिसमा शक्ति तीन प्रकार का हुन्छन् जस्तो तामसिक शक्ति, राजसिक शक्ति र सात्विक शक्ति । यी तीनै प्रकार को शक्तिको श्रोत भौतिक रुपमा भोजन, ब्यायाम हो भने आध्यात्मिक रुपमा प्रार्थना साधना, भजन भक्ति र क्रोध समते हो । तामसिक शक्तिले पर पिडा गर्छ अर्थात् अरुलाई दुःख कष्ट दिनेमा बढी प्रयोग हुन्छ अर्थात् दुरुप्रयोग हुन्छ, राजसिक शक्ति स्वस्वार्थमा बढी प्रयोग हुन्छ भने सात्विक शक्ति परोपकारमा प्रयोग हुन्छ, परमार्थमा प्रयोग हुन्छ । तर जुनसुकै प्रकारको शक्ति भए पनि शक्तिको श्रोत जुनसुकै भए पनि श्रोतको श्रोत भने नवदुर्गा माता नै हुन् । नवदुर्गा भवानी जगत जननी हुन् । पराशक्ति हुन्, आध्याशक्ति ब्रम्हस्वरुपिणी हुन्, अनन्तकारिणी अनन्तरुपिणी हुन् अनि आदिवात्सल्यरुपिणी हुन् । उहाँ ब्रह्माजीका श्रृष्टिका शक्ति हुन् भने विष्णु भगवान्का पालन गर्ने शक्ति पनि उनै हुन् अनि संहारकर्ता शिवको संहार शक्ति पनि उनै भवानीबाट प्राप्त हुन् । त्यसैले भगवान् विष्णु भन्नु हुन्छ—

*शक्तिं विना बुद्धिमन्तो न जगद्रक्षितुं क्षमाः ।*

*क्षमाः शक्त्यालयास्तद्वदहं शक्तियुतः क्षमः ॥*

अर्थात् जसरी प्रशस्त बुद्धिमान व्यक्ति पनि शक्ति विना उसले जगतको रक्षा गर्न सक्दैन त्यसरी नै म पनि शक्ति युक्त भए पछि मात्र जगतको रक्षा गर्न सक्छु ।

यसैबाट स्पष्ट हुन्छ कि शक्ति त्यो सुक्ष्मतम तत्व हो जसको संयुक्तता बिना हावा हिल्न सक्दैन, पानी बग्न सक्दैन, जीव जीवन्त बन्न सक्दैन, देवतामा देवत्व हुँदैन। त्यही शुक्ष्मतम् तत्व श्रृष्टि परिस्थिति अनुसार आकार प्रकारमा जब प्रवृत्त हुन्छ तब कृयान्वयन सकृय हुन्छ विरुवाले पालुवा हाल्छ, कोपिला फक्रिन्छ, चरा चिरबिराउँछ, ब्रह्माको श्रृष्टि सजीव हुन्छ, विष्णु श्रृष्टिको पालन गर्न सक्षम हुन्छ। यही शक्तिरुपी हुन् नवदुर्गा भवानी । यही नवदुर्गा हुन् जो कहिले अष्ट सिद्धिका रुपमा कहिले नवनीधिका रुपमा, कहिले नवनाथका रुपमा त कहिले मष्टको रुप प्रकट हुनु हुन्छ र जीव र जगतलाई चलायमान बनाउनु हुन्छ । मायाको रुपमा भुक्ति दिनु हुन्छ, महामायाको रुपमा मुक्ति दिनु हुन्छ। भुक्ति मुक्ति, श्रृष्टि प्रलय दुबैका दाता हुनुहुन्छ उहाँ । यही परम शक्ति परब्रम्ह स्वरुपिणी जगतजननी अम्बे भवानी जगतोद्धारिणी माताको उपासनाका दिन हो यो बडा दशै पर्व । वर्ष भरीका रोगशोक, दुःखकष्ट, चिन्ता, तनाव सबै बिर्सी आनन्दले विभोर भई दुर्गा भवानीसंग अति घनिष्ट भएर, एकाकार भएर भक्तिभाव गर्ने दिन हो यो । जानी नजानी हुन गएका बिगतका गल्तीहरुमा क्षमा याचना गरी आगामी दिनहरु स्वस्थ, शान्त र समृद्ध होस् भनी प्रर्थना गर्ने दिन हो यो । अतः यसलाई अधिकतम प्रयोग गरौं र हरपल गुज्रिरहने दिनहरुलाई अत्यन्त सरल र आनन्दमय बनाउन सकौं, यही मकशद हो यो प्रकाशनको ।

नवदुर्गा भवानीका प्रार्थना अर्चनाका अनन्त स्तोत्र पाठ, अनन्त पूजा विधि, मन्त्र, ध्यानहरु विद्यमान छन् हाम्रा धर्मशास्त्रहरुमा । यही अनन्त सागरबाट हामीहरु जस्ता यो लोक र परलोक दुवै लोकलाई बोधगम्यमा ल्याउन चाहने गृहस्थ धर्मपरायण साधकहरुलाई कुन हदसम्मको प्रार्थना अर्चना आवश्यक छ भन्ने चिन्तन मननका साथ श्लोक पाठ, मन्त्रहरु छनौट गरी निचोडमा सरल र

सटिक रुपमा नवदुर्गा भवानीको नवै वटा देवीका स्तोत्र, कवच, ध्यान, मन्त्र पाठहरु हाम्रा श्रद्धेय सद्गुरुदेव परमहंस योगिराज स्वामी बालकृष्णानन्द "मुक्तबुद्ध" ज्यूबाट निगाहा भए अनुसार प्रस्तुत अंकमा पस्केको छु । हुन त केही वर्ष अगाडि यी सामग्रीहरू परमहंस योग विद्या मार्फत नै प्रस्तुत भइसकेका हुन् तर यसको पुनः प्रकाशन किन आवश्यक पयो त भन्दा यो पुस्तकको मांग बढी रहेको र हामीसँग यसको मौज्दात समाप्त भईसकेको कारणले गर्दा यसलाई केही परिमार्जन सहित केही अझै महत्वपूर्ण पठनीय सामग्रीहरू समेत समावेश गरी पुनः प्रकाशन गरेका छौं ।

मानिसलाई सही रूपमा जीवन यापनको लागि र परमार्थ प्राप्तिको लागि श्री र लक्ष्मी अर्थात् शक्ति र अर्थ (धन सम्पत्ति) सँगसँगै आवश्यक पर्ने विषय हुन् । अर्थ आर्जनको लागि शक्ति आवश्यक पर्छ भने जुनसुकै प्रकारको शक्ति चाहे लौकिक होस् या अलौकिक, प्राप्त गर्नको लागि अर्थको आवश्यक पर्दछ । दान पारमिता पूर्ण नभएसम्म पुण्य प्राप्त हुँदैन, पुण्य पूर्ण नभई साधना सफल होइन्न। साधना सफल नभई परमार्थ प्राप्त हुँदैन । तसर्थ शक्ति र लक्ष्मी अर्थात् दुगा भवानी र माता लक्ष्मीको सँगसँगै प्रार्थना अर्चना र साधनाको आवश्यक पर्छ । माता लक्ष्मीको आराधनाको प्रमुख पर्वको रूपमा दिवाली (तिहार) को दिनलाई मानिने हुँदा उक्त तीन दिनसम्म श्री महालक्ष्मीको पूजा पाठ साधना गर्नको लागि उहाँको कवच, स्तोत्र पाठका सामग्रीहरू पनि यसैमा समावेश गरेका छौं जसले गर्दा यसको गरिमा अझ बढ्न गएको छ । यदि पूर्ण निष्ठाका साथ निष्काम रूपमा श्री दुर्गा भवानी तथा श्री महालक्ष्मीको साधना गर्ने हो भने यही दुई साधनाबाट चारै पुरुषार्थ अर्थात् धर्म, अर्थ, काम र मोक्ष प्राप्त गर्न सकिन्छ । मात्र साधनामा लगनशिलता र तल्लीनताको आवश्यक पर्दछ । यही कारणले गर्दा परम श्रद्धय गुरूदेव परमहंस योगीराज स्वामी बालकृष्णानन्द "मुक्तबुद्ध" ज्यूबाट आफ्नो अत्यन्त व्यस्तताको बाबजुद पनि सारयुक्त अनेक कवच स्तोत्रहरू खोजी खोजी संकलन गरी बक्सी भक्तहरूको कल्याण हेतु यो पुस्तक मार्फत यहाँहरूको करकमलसम्म प्रस्तुत हुन आएका हुन् । यसको लागि हामी उहाँ प्रति सधैं आभारी छौं ।

श्री दुर्गा भवानीको पंचमोपचार, षोडशोपचार तथा मानसिक पूजा पाठका विधिहरू पूर्व प्रकाशनहरूमा प्रकाशित भइसकेका छन् । सम्पूर्ण शक्ति पीठहरू, सम्पूर्ण देवी देवताहरू मनुष्य शरीर भित्रका अनेक केन्द्र विन्दुहरू (चक्र)मा अवस्थित छन् भन्ने हामी भावना गर्छौं, अनुभूत गर्छौं । यही कुराहरू हामी पाठपारायण गर्छौं जस्तो "मूलाधारे भेदन कुरू शैलपुत्री, ब्रह्मचारिणी स्वाधिस्थाने तथा...." यो हामी नवदुर्गा साधनाको अन्तमा पाठ गर्छौं । यही । अनुसार हाम्रो शरीरमा रहेका नौ वटा चक्रहरूमा नौवटा देवीहरूलाई प्रतिस्थापन गरेर नौ दिन सम्म पंचमोपचार या षोडशोपचारको विधि अनुसार मानस पूजा गरेर अन्य पाठ प्रार्थनाहरू यथावतै रूपमा गर्न पनि सकिन्छ । सबै विधि विधान यहाँहरू समक्ष प्रस्तुत भईसकेका छन् । अब साधक वर्गको परिस्थिति अनुकूलता, आवश्यकता, चाहना अनुसार जुनसुकै पद्धतिबाट पनि देवी भवानीको आराधना प्रार्थना गर्न सकिन्छ तर प्रार्थना र साधनामा सबभन्दा पहिलो आवश्यकता भनेको प्रवल निष्ठा र भक्ति भाव नै हो । जहाँ भाव छ त्यहाँ भगवान् अवश्य आउनु हुन्छ । भगवानमा भाव दृढ बनाउको लागि आत्मरूपी

हामी मनुष्यमा निश्छल, निष्कपट, शुद्ध, आनन्द, शान्त प्रेम पूर्णता जस्ता आत्मीय गुणहरूको उपलब्धी हुनु पनि त्यति नै आवश्यक छ । अतः यो वर्षको शुभ- विजय दशमी तथा शुभ दीपावली पर्वले समस्त भक्तजनहरूको भावशुद्धिले परिपूर्णता पाओस् श्री सम्पत्तिको सम्मृद्धि होस्, साधना, कामना सिद्ध होस् यही शुभकामना, लाख लाख वन्दना समस्त साधक परिवारमा ।

*लोका समस्ता सद्भावेन भवन्तु*

*लोका समस्ता विवेकशील भवन्तु*

*लोका समस्ता सुबिन भवन्तु*

**निर्मला कायस्थ**

**सम्पादक**